नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## मोवाइल फुड ल्याव भ्यानको प्रयोग गरी चाडपर्व लक्षित मिति २०८१/०७/०९ र ११ मा गरिएको खाद्य बजार निरीक्षण अनुगमन सम्वन्धी विवरण

यस विभागबाट मिति २०८१ कार्तिक ०९ र ११ गते काठमाडौं उपत्यका भित्र मोवाइल फुड ल्याव भ्यानको प्रयोग गरी चाडपर्व लक्षित खाद्य पदार्थहरुको नियमित निरीक्षण अनुगमनका लागि टोलीहरु खटाई खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम निम्न खाद्य उद्योग एवं व्यवसायहरुको निरीक्षण अनुगमन, खाद्य पदार्थको नमूनाको प्रारम्भिक चेकजाँच तथा कारबाही गरिएको व्यहोरा सर्वसाधारण सबैको जानकारीका लागि अनुरोध छ।

| क्र.स. | मिति | अनुगमन गरिएको खाद्य व्यवसायको नाम तथा ठेगाना | स्थलगत अवस्था | मोवाइल फुड ल्यावमा गरिएको प्रारम्भिक नमूना चेकजाँच सम्बन्धी विवरण | कैफियत/कारवाही |
|---|---|---|---|---|---|
| १ | ०७/०९ | गोकुल इन्डस्ट्रिज प्रा.लि., काठमाडौं-१६, बालाजु | सरसफाई सामान्य रहेको र खाद्य पदार्थ लेबल लगाई भण्डारण गर्ने गरेको। | घ्यू, रसबरी, खुवा मिठाई, रसमलाई नमुना चेकजाँच गरिएको। | - |
| २ | ०७/११ | ओम गणपति स्विट्स प्रा. लि., जावलाखेल, ललितपुर | फ्रिजमा मिठाईहरुको भण्डारण अव्यवस्थित रहेको। | पेडा, कलाकंद, मिल्क केक, बर्फी र रसबरी नमुना चेकजाँच गरिएको। | खाद्य स्वच्छता कायम राख्न निर्देशन दिएको। |
| ३ | ०७/११ | पवन स्विट्स प्रा. लि., ललितपुर-०६ | फ्रिजमा मिठाईहरुको भण्डारण अव्यवस्थित रहेको र मिठाई नछोपी राखेको | घ्यू, पेडा, कलाकंद, मिल्क केक, बर्फी र रसबरी नमूना चेकजाँच गरिएको। | मिठाईलाई उचित भण्डारण गर्न र सरसफाईमा ध्यान दिन निर्देशन दिएको । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | पाइएको। पेस्ट कन्ट्रोलको उचित व्यवस्थापन नरहेको । | | |
| ४ | ०७/११ | देवयानी इन्टरनेशनल नेपाल प्रा. लि., (KFC सामाखुसी) टोखा-१०, काठमाडौं | तेल तथा प्रशोधित पानीको नियमित गुणस्तर परिक्षण गर्ने गरेको। कच्चा तथा प्रशोधित खाद्य पदार्थ छुट्टा छुट्टै राख्ने गरेको । | - | - |
| ५ | ०७/११ | विन्दवासिनी स्विट एण्ड चाट, टोखा-९, काठमाडौं | सरसफाईमा कमी रहेको, भण्डारण व्यवस्थित नरहेको र उपभोग्य मिति समाप्त भएको ५०० मि लिको ३० प्याकेट दूध पाइएको। | पेडाको नमुना चेकजाँच गर्दा कैफियत पाईएको। | उपभोग्य मिति समाप्त भएको दूध नष्ट गरिएको र खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम थप अनुसन्धानका लागि नमूना संकलन गरेको। |
| ६ | ०७/११ | श्री नितिश फुड्स, का.म.न.पा-२६, गोंगबु चोक | सरसफाई सामान्य रहेको, भण्डारण कक्ष र प्रशोधन कक्ष एकै ठाउँमा रहेको । | रसबरी, कलाकंद, बर्फी, पेडा, घ्यू, मह र प्रशोधित पिउने पानीको नमुना चेकजाँच गर्दा कैफियत नपाईएको। | - |

मोहन कृष्ण महर्जन

प्रवक्ता, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

२०८१/०७/११